# स्थानीय राजपत्र


| ईश्वरपुर नागरपालिका, ईश्वरपुर, सर्लाही द्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड ९ | संख्या ३ | मिति : २०८२/०३/०८ |


## भाग-२

## ईश्वरपुर नगरपालिका

**<u>पदनाम तोकीएको वारे सूचना</u>**

ईश्वरपुर नगरपालिकाको कार्यपालिकाको मिति २०८२/०३/०८ को बैठकबाट स्थानीय स्वास्थ्य सेवा समूह अन्तर्गतका विभिन्न उपसमूहमा कार्यरत अधिकृत सातौं तहका कर्मचारी जो समान सेवा समूह र उपसमूहमा नेपाल सरकारको छात्रवृत्तीमा चिकित्सा शास्त्रमा स्नातक अध्ययन पुरा गरि सम्बन्धित चिकित्सा परिषद्मा नाम दर्ता कम्तिमा ८ वर्षको समयावधी पुरा भएका दर्तावाल चिकित्सक, नेपाल स्वास्थ्य सेवा ऐन २०५३ दफा २ (ग) अनुसार, मधेश प्रदेश नेपालको स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ दफा २९ को २ खण्ड ४ अनुसार सातौं तहका एकीकृत चिकित्सक/ आयुर्वेद चिकित्सक मेडिकल अधिकृत, डेन्टल अघिकृत वा सो सरहको अन्य चिकित्सा अधिकृत उल्लेख भएका हुँदा स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ उपदफा २ ङ क्र.सं. ३ र ६ को अधिकार प्रयोग गरि, मधेश प्रदेश, नेपालको स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०८१ को दफा २९ को २ अनुसार स्तर/तह वृद्धी वा वृत्ती विकास हुन वञ्चित नहुने गरि तपसिल बमोजिमको पद वा पदनाम तोक्ने निर्णय भएको हुँदा सो निर्णय कार्यान्वयनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>तपसिल</u>**

| तह | पद |
|---|---|
| **<u>अधिकृत सातौं तह</u>**<br>(समान सेवा समूह र उप समूहमा चिकित्सा शास्त्रमा स्नातक अध्ययन पुरा गरि सम्बन्धित चिकित्सा परिषद्मा नाम दर्ता भएको कम्तिमा ८ वर्षको समायावधी पुरा गरेका दर्तावाल चिकित्सक जो स्थानीय तहका स्वाथ्य्य सेवा अन्तर्गतका विभिन्न समूह वा उपसमूहमा सातौं तहमा कार्यरत कर्मचारी) | -आयुर्वेद चिकित्सक<br>-मेडिकल अधिकृत<br>-डेन्टल अधिकृत<br>-एकीकृत चिकत्सक<br>-होमियोपेथिक चिकित्सक आदी |

स्वीकृत मिति : २०८२/०३/०८

**आज्ञाले**
**पंकज कुमार साह**
**प्रमुख प्रशासकीय अधिकृत**